# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ढल्केबर, धनुषा
मधेश प्रदेश, नेपाल

पत्र संख्याः-०८१/०८२
चलानीः- १८४६

मितिः२०८२/०३/०६

विषयः सूचना तथा फारम पठाइएको सम्वन्धमा ।

श्री वडा कार्यालयहरु सबै,
मिथिला नगरपालिका, धनुषा ।

उपरोक्त सम्बन्धमा भूमि समस्या समाधान आयोग, ताहाचल, काठमाडौंको राष्ट्रिय दैनिक गोरखापत्रमा मिति २०८२/०२/२९ मा प्रकाशित भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित वसोवासीले निवेदन दिने सम्बन्धी ३५(पैतिस) दिने सूचना बमोजिम तहाँ वडा मातहत रहेको भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित वसोवासीहरुलाई जानकारी गराई तोकिएको म्याद भित्र आवश्यक कागजात सहित यसै साथ संलग्न निवेदन फारम भरी / भराई पठाइदिन हुन अनुरोध गरिन्छ ।सथै यस अघि फारम भरिसकेको व्यक्तिहरुलाई पुनः फारम भर्नु नपर्ने व्यहोरा समेत अनुरोध छ ।

<u>संलग्न कागजातहरु:</u>

१. भूमि समस्या समाधान आयोगको ३५ दिने सूचना
२. भुमिहीन दलित / भुमिहीन सुकुम्वासीले भर्ने निवेदन फारम ( अनुसूची-३) ५० थान
३. अव्यवस्थित वसोवासीले दिने निवेदन फारम (अनुसूची-४ ) ५० थान
४. आवश्यक कागजातहरुको सूची पाना १(एक)

..............................
अशोक कुमार भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

### अव्यवस्थित वसोवासीको लागि आवश्यक कागजात्

१. परिवारमूलीको फोटो , परिवारमूलीको पति / पत्नीको फोटो
२. परिवारमूली सहित परिवारको प्रत्येक सदस्यको नागरिकता/ जन्मदर्ता प्रमाणपत्र
३. २०६५ वा सो भन्दा अगाडी देखि सो जग्गा आवाद / कमोत गरि आएको भनी वडाको सिफारिस
४. बिजुली वा पानीको बील
५. जग्गाधनी प्रमाणपुर्जा – ( उपलब्ध भए सम्म)
६. जग्गाको तिरेको रसिद
७. सम्बन्धित जग्गाको फोटो (रंगिन)
८. अन्य

### सुकुम्वासीको लागि आवश्यक कागजात

१. परिवारमूलीको पासपोट साइजको फोटो
२. परिवारमूलीको पति / पत्नीको फोटो
३. परिवारमूली सहित सम्पुर्ण सदस्यको नागरिकता / जन्मदर्ता प्रमाणपत्र
४. अन्य पालिकाबाट बसाई सराई गरी आएको भए हाल बसोवास गरेको वडाको सिफारिस
५. सम्बन्धित जग्गाको रंगीन फोटो
६. बिजुली वा खानेपानीको बील
७. अन्य